SET4NPL

सार्वजनिक यातायात सञ्चालकका लागि सूचना प्याकेज

नेपालका लागि दिगो विद्युतीय यातायात (SET4NPL)

संस्करण ५,

३१ अगस्ट, २०२६

SET4NPL र PTEF को परिचय

नेपालका लागि दिगो विद्युतीय यातायात (SET4NPL) परियोजनाले नेपालमा विद्युतीय सार्वजनिक यातायातको प्रवर्धन र विस्तार गर्ने लक्ष्य राखेको छ, जसको सुरुवात विद्युतीय मिनी तथा माइक्रोबस (EMBs) सहायता प्याकेजको प्रवर्द्धनबाट हुन्छ । यस परियोजनालाई मिटीगेशन एक्सन फ्यासिलिटी (MAF) ले वित्तीय सहयोग गरेको हो भने GIZ तथा GGGI द्वारा कार्यान्वयन गरिनेछ ।

प्रबन्ध गर्ने (ह्यान्डलिङ) बैंक (नबिल बैंक लिमिटेड - राष्ट्रिय सार्वजनिक बोलपत्र विजेता) अन्तर्गत स्थापना गरिएको सार्वजनिक यातायात विद्युतीकरण कोष (PTEF) एउटा एस्क्रो (escrow) कोष हो जसले EMB को विस्तार, सार्वजनिक यातायात प्रणाली र चार्जिङ पूर्वाधारलाई सहयोग पुर्याउदछ । एस्क्रो खाता भनेको एक प्रकारको तेस्रो-पक्ष बैंक खाता हो जुन विशेष सर्तहरू पूरा नभएसम्म भुक्तानी गर्नुपर्ने रकम राख्न प्रयोग गरिन्छ। PTEF ले EMB प्याकेज मार्फत चयन गरिएका EMBs का लागि अनुदान (subsidy) सहयोग प्रदान गर्दछ।

यस सूचना प्याकेजका उद्देश्य

यो सूचना प्याकेज निम्न उद्देश्यका लागि तयार गरिएको हो:

- SET4NPL परियोजना अन्तर्गत PTOs लाई प्राप्त हुने लाभ स्पष्ट गर्न ।
- EMB ऋण/हायर पर्चेज प्रक्रिया, अनुदान वितरण, र अनुदान दाबीको चरणबद्ध प्रक्रिया स्पष्ट गर्न ।
- प्रत्येक चरणमा विभिन्न सरोकारवालाहरूलाई आवश्यक पर्ने कागजातको विस्तृत सूची प्रदान गर्न ।

PTOs लाई प्राप्त हुने लाभ

- EMB को सञ्चालन तथा मर्मत लागत डिजेल सवारी साधनको तुलनामा कम हुने भएकाले PTOs का लागि दीर्घकालीन बचत हुन्छ । बिजुलीको मूल्य सामान्यतः डिजेलभन्दा कम हुन्छ र EMB लाई कम मर्मतसम्भार आवश्यक पर्छ ।

- PTEF ले PTOs लाई अनुदान उपलब्ध गराउँछ जसले EMB किन्दा लाग्ने अग्रिम लागतलाई उल्लेखनीय रूपमा घटाउँछ । यसले विद्युतीय सवारी साधनलाई परम्परागत डिजेल सवारीको तुलनामा किफायती बनाउँछ तथा आर्थिक भार घटाउछ ।
- PTOs ले साझेदार बैंक वा हायर पर्चेज कम्पनी (HPCs) मार्फत प्रतिस्पर्धात्मक ब्याजदरमा ऋण वा हायर पर्चेज योजना प्राप्त गर्न सक्छन्, जसमा अनुदानले प्रारम्भिक डाउन पेमेन्ट घटाउँछ ।
- EMBहरू जिपिएस मोड्युल (GPS module), एलईडी रुट डिस्प्ले स्क्रीन (LED Route Display Screen), इमोबिलाइजर (Immbolizer), इ-टिकटिङ मेसिन (E-ticketing Machine) र मोबाइल एप्लिकेसन (Mobile Application) सहितको प्याकेजमा प्रदान गरिन्छ । यस प्याकेजमा मोबाइल आपतकालीन (emergency) चार्जर (AC Level 1) अथवा ढिलो गतिको (slow) चार्जर र नेपाल विद्युत प्राधिकरणको ३-फेज बिजुली जडानको लागि आवेदन दिने विकल्प पनि समावेश छ ।
- PTOs ले पुराना डिजेल सवारी स्क्र्याप तथा लगत कट्टा गरि EMB राखेमा अतिरिक्त अनुदान प्राप्त गर्न सक्छन्, जसले विद्युतीय सवारीतर्फको रूपान्तरण लागत झनै घटाउँछ ।
- PTOs ले आधिकारिक मर्मत सेवा प्रदायक वा अधिकृत प्रतिनिधिसँग आधारभूत मर्मत सम्झौता गर्नुपर्ने हुन्छ जसले EMB लाई राम्रो अवस्थामा राख्न मद्दत गर्छ । यसले EMB को आयु लम्ब्याउँछ र मूल्य जोगाइराख्छ ।
- EMB प्रयोग गर्दा PTOs ले हरितगृह ग्याँस उत्सर्जन र वायु प्रदूषण घटाउन योगदान पुऱ्याउँछन् जुन कार्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिगो विकासका लक्ष्यहरूसँग मेल खान्छ ।

EMB सहायता प्याकेज: के समावेश छ र के वैकल्पिक छ ?

SET4NPL परियोजना अन्तर्गत EMB प्याकेजका अनिवार्य (समावेश) र वैकल्पिक वस्तुहरू निम्नानुसार छुट्याइएको छ:

1. **अनुदान अन्तर्गत समेटिएको (अनिवार्य र समावेश)**[1]
   निम्न वस्तुहरू अनुदान प्राप्त इलेक्ट्रिक मिनी तथा माइक्रोबस (EMB) प्याकेजको हिस्साको रूपमा (SET4NPL वा विक्रेतामार्फत) समावेश गरिएका हुन्छन्:
   - पूर्व-चयन गरिएका EMBs (इलेक्ट्रिक मिनी र माइक्रोबसहरू) को लागि अनुदान (अनुसूची-१ मा सूचीबद्ध)

[1] EMB सहायता प्याकेज (Accesssories र मर्मतसम्भार सम्झौता सहित) परियोजनाको विकास वा दाताको आवश्यकताहरूको अनुसार अद्यावधिक गर्न सकिनेछ ।

हरेक EMB सँग यी उपकरणहरू प्रदान गरिन्छ (यी उपकरणहरूलाई समग्र रूपमा "Accessories" भनेर उल्लेख गरिनेछ)

- जिपिएस मोड्युल (GPS Module)
- ई-टिकटिङ उपकरण (E-ticketing Device)
- एलईडी रुट डिस्प्ले स्क्रिन (LED Route Display Screen)
- इमोबिलाइजर (Immobilizer)

- EMB को मोबाइल आपतकालीन (emergency) अथवा ढिलो गतिको (slow) चार्जर
- SET4NPL परियोजनाका स्टिकरहरू
- आधिकारिक मर्मत सेवा प्रदायक वा अधिकृत प्रतिनिधिसँगको आधारभूत मर्मत सम्झौता

2. वैकल्पिक वस्तुहरू (PTOs को आवश्यकता अनुसार उपलब्ध)

(1) थप अनुदान र सहायता (वैकल्पिक)

- **स्क्र्यापिङ अनुदान:**
  - PTOs ले स्क्र्यापिङ प्रमाणपत्र पेश गरेमा थप स्क्र्यापिङ अनुदानको लागि योग्य हुन्छन् (विवरण अनुसूची-८ को अनुदान तालिकामा दिइएको छ)।

(2) थप लागत लाग्ने वैकल्पिक वस्तुहरू (PTOs ले लागत बेहोर्नुपर्ने)

- **चार्जिङ स्टेसन अपग्रेड :**
  - PTOs ले साधारण ढिलो गतिको (slow) चार्जरबाट मध्यम (medium) वा तीव्र (fast) गतिको चार्जरमा स्तरोन्नति गर्न सक्छन् (SET4NPL अन्तर्गत छुट मूल्यमा उपलब्ध)।
  - PTOs ले प्रदान गरिएको चार्जर र स्तरोन्नति गरिएको चार्जरबीचको मूल्यको तप मूल्य स्वयं तिर्नुपर्ने हुन्छ (दरहरू अनुसूची ५ मा हेर्नुहोस्)।

3. अनुदान अन्तर्गत नपर्ने वस्तुहरू :

तलका वस्तुहरू अनुदान प्राप्त EMB प्याकेजमा समावेश छैनन्:

- पूर्व-चयनमा नपरेका EMB मोडेलहरू (केवल स्वीकृत मोडेलहरू योग्य हुनेछन्)।
- बन्डल प्याकेजमा उल्लेख नगरिएका अतिरिक्त उपकरण वा सुविधाहरू।
- आधारभूत मर्मत सम्झौताभन्दा बाहिरका मर्मत सेवाहरू।

सार्वजनिक यातायात विद्युतीकरण कोष (PTEF)

PTEF ले पूर्वनिर्धारित तहको आधारमा अनुदान वितरण गर्छ, जुन PTOs ले खरिद गरेका EMB को सङ्ख्याको आधारमा तोकिएको हुन्छ । प्रत्येक तहले तोकिएको निश्चित सङ्ख्याका अनुदान प्राप्त गर्न योग्य EMB लाई प्रतिनिधित्व गर्छ र हरेक तह अन्तर्गत उल्लेख गरिएका सवारी साधनहरूले मात्र तोकिएको अनुदान प्राप्त गर्नेछन् । तलको तालिकामा विभिन्न तह अनुसारको अनुदान बाँडफाँड देखाइएको छ :

तालिका-१: तहहरु

सि. नं.	तहहरु	**EMB को सङ्ख्या**
१.	तह १	-
२.	तह २	४००
३.	तह ३	६००
४.	तह ४	१०००
५.	तह ५	१५००

PTEF ले PTO हरूले तिर्नु पर्ने EMB को प्रारम्भिक लागत घटाउन EMB विक्रेताहरूलाई अनुदान प्रदान गर्दछ। यो अनुदान PTOs को पुँजी (equity) योगदानबाट घटाइन्छ र बाँकी रकम साझेदार बैंकमार्फत ऋण वा हायर पर्चेजको माध्यमबाट प्रदान गरिन्छ । यी तहमा आधारित अनुदान बाँडफाँडको विस्तृत विवरण आगामी तालिकाहरू (अनुसूची ६) मा दिइएको छ, जसमा हरेक वित्तीय योजना अन्तर्गत उपलब्ध आर्थिक सहायता स्पष्ट रूपमा वर्णन गरिएको छ ।

ई-टिकटिङ प्रणाली अझै तयार नभएको कारणले गर्दा, SET4NPL ले परियोजना कार्यान्वयनको समयमा कुल अनुदानको ७०% अग्रिम (Accessories को लागत बाहेक) वितरण गर्नेछ। बाँकी ३०% अनुदान, GPS मोड्युल, ई-टिकटिङ मेसिन, इमोबिलाइजर र LED रुट डिस्प्ले सहितका सहायक Accessories प्याकेज सहित, ई-टिकटिङ इकोसिस्टम सञ्चालनमा आएपछि र सम्बन्धित EMB हरूमा सहायक उपकरणहरू जडान भएपछि वितरण गरिनेछ।

EMB कर्जा/हायर पर्चेज आवेदन र अनुदान वितरण प्रक्रिया:

- **चरण १: PTOs ले सूचीकृत विक्रेता वा साझेदार बैंकहरूमा सम्पर्क गर्छ**
  - EMB प्राप्त गर्न इच्छुक PTOs ले छनोट भएका EMB विक्रेता, साझेदार बैंक वा Aloi सँग सम्पर्क गरेर अनुदान र वित्तीय विकल्पहरूको जानकारी लिन्छन् । छनोट भएका EMB विक्रेता र साझेदार बैंकहरूको सूची अनुसूची-१ र अनुसूची-२ मा दिइएको छ ।
  - यदि PTO ले पहिले साझेदर बैंकमा सम्पर्क गर्नु हुन्छ भने त्यस बैंकले PTOs लाई SET4NPL EMB प्याकेजको जानकारी लिन सूचीकृत EMB विक्रेताहरूसम्म पठाउनु पर्छ ।
  - EMB विक्रेताहरूले PTOs हरूलाई अनुदान दाबी र सवारी दर्ताका लागि आवश्यक प्रशासनिक प्रक्रिया तथा कागजातहरू (अनुसूची-३ मा उल्लेखित) पूरा गर्न सहयोग गर्छन्।
  - EMB विक्रेता वा साझेदार बैंकहरूले PTOs को जानकारी क्रेडिट प्रोफाइल र वित्तीय उपयुक्तता मूल्यांकनको लागि Aloi सँग साझा गर्न सक्नेछन् । Aloi ले PTOs को क्रेडिट योग्यता मूल्याङ्कन गर्ने र वित्तीय प्रक्रिया सहज बनाउने कार्यमा सहयोग गर्छ । PTO हरूले सहयोगको लागि Aloi लाई सिधै सम्पर्क पनि गर्न सक्छन्।
- **चरण २: साझेदार बैंकमा कर्जा/हायर पर्चेज आवेदन**
  - EMB विक्रेताले PTOs को तर्फबाट कुनै पनि एक साझेदार बैंकमा कर्जा/हायर पर्चेज आवेदन पेश गर्न सक्नेछ । PTOs ले पनि आफ्नै तर्फबाट साझेदार बैंकहरूमा सिधा आवेदन दिन सक्छ, तर त्यो आवेदन छनोट गरिएको EMB विक्रेताबाट खरिद गरिएको पूर्व-स्वीकृत EMB मोडेलका लागि मात्र हुनुपर्छ (जसको विवरण अनुसूची-१ मा छ) ।
  - साझेदार बैंकले सामान्य जोखिम मूल्याङ्कन, धितो आवश्यकताको समीक्षा लगायतको पूर्व-जाँच प्रक्रिया सञ्चालन गर्छ।
  - कर्जा/हायर पर्चेज स्वीकृत भएपछि, साझेदार बैंकले विक्रेतालाई सूचना पत्र (अनुसूची-४) प्रदान गर्छ । यो पत्र हयान्ड्लिङ बैंकलाई सम्बोधन गरिएको हुनुपर्छ, जसमा कर्जा/हायर पर्चेज रकम, PTOs को विवरण र EMB को विशेषताहरू उल्लेख गरिएका हुन्छन्।
- **चरण ३: पहिलो अनुदान भुक्तानी अनुरोध – EMB अनुदानको ७०%**
  - EMB विक्रेताले बिक्री गरिएको प्रत्येक EMB मा SET4NPL द्वारा पूर्व-स्वीकृत स्टिकर टाँस्नु अनिवार्य हुन्छ | स्टिकरको साइज र डिजाइन सम्बन्धी विवरण SET4NPL ले उपलब्ध गराउनेछ, र सो अनुसार स्टिकरको व्यवस्था तथा पालनाको जिम्मेवारी विक्रेताकै हुनेछ।
  - स्टिकर टाँसिसकेपछि र ऋण/हायर पर्चेज भुक्तानी भएपछि, विक्रेताले अनुदान भुक्तानी अनुरोध पठाउनेछ। यस अनुरोधमा निम्न कागजातहरू समावेश हुनुपर्छः
  - PTO को नागरिकता प्रमाणपत्र वा ID

- PTO को दर्ता प्रमाणपत्र
- PTO को यातायात व्यवस्था विभागबाट प्राप्त इजाजतपत्र/ रुट इजाजत पत्र
- विक्रेता/हायर पर्चेज कम्पनी र PTO बीचको बिक्री सम्झौता
- PTO र मर्मत सेवा प्रदायक (Maintenance Franchisee) बीचको हस्ताक्षरित मर्मत सम्झौता
- पार्टनर बैंक / हायर पर्चेज कम्पनीबाट हयान्डलिङ बैंकमा पठाइएको जानकारी पत्र (अनुसूची-४)
- EMB विक्रेताबाट हयान्डलिङ बैंकलाई पठाइएको जानकारी पत्र
- EMB मा टाँसिएको स्टिकरको फोटो
- पुराना डिजेल सवारी साधनहरूको लागि स्क्र्यापिङ प्रमाणपत्र (यदि लागू हुने भएमा)

- **चरण ४: Accessories र ढिलो गतिको (slow) चार्जरको अर्डर अनुरोध**
  - जब e-ticketing प्रणाली र Accessories उपलब्ध हुन्छन्, EMB विक्रेताले PTO को तर्फबाट Supplier of Accessories लाई अर्डर अनुरोध पत्र (अनुसूची-७) पठाउनेछ। । यो अर्डर अनुरोध पत्र EMB विक्रेता, SET4NPL र Supplier of Accessories बीचको त्रिपक्षीय सम्झौताका आधारमा तयार पारिएको हुनुपर्नेछ र निम्न विवरणहरू समेटिएको हुन्छ:
    - **EMB को विवरण**
      - निर्माता (Manufacturer):
      - मोडेलको नाम (Model Name):
      - चेसिस नम्बर (Chassis Number):
      - विक्रेताको नाम (Vendor Name):
    - **बितरण गरिने सामग्रीहरू**
      - जिपिएस (GPS) मोड्युल सिरियल नम्बर:
      - टिकटिङ/बिलिङ मोड्युल सिरियल नम्बरहरू:
      - एलईडी (LED) डिस्प्ले सिरियल नम्बर:
      - इमोबिलाइजर सिरियल नम्बर:
      - चार्जर सिरियल नम्बर (यदि लागू भएमा):
- **चरण ५: दोस्रो अनुदान भुक्तानी अनुरोध – EMB अनुदानको बाँकी ३०% + Accessories (रु. ६६,०००)**
  - जब e-ticketing प्रणाली र Accessories उपलब्ध हुन्छन्, EMB विक्रेताले EMB हरूलाई Accessories र चार्जर (यदि लागू भएमा) जडानका लागि फिर्ता बोलाउनेछ।
  - Accessories हरू जडान भएपछि, EMB विक्रेताले निम्न कागजातहरू SET4NPL डिजिटल पोर्टलमार्फत पेश गर्नुपर्नेछः

- चार्जरको बिल (यदि लागू भएमा)
- Supplier of Accessories लाई पठाइएको अर्डर अनुरोध पत्र
- EMB विक्रेताबाट Supplier of Accessories लाई गरिएको भुक्तानीको प्रमाण
- जडानको प्रमाण (LED स्क्रिनको फोटो)

○ ह्यान्डलिङ बैंकले दोस्रो किस्ता (EMB को बाँकी ३०% अनुदान + उपकरण प्याकेज अनुदान) ५ कार्य दिनभित्रमा भुक्तानी गर्नेछ।

१००% अग्रिम भुक्तानी गर्ने PTO हरूका लागि

- यदि PTO ले सम्पूर्ण भुक्तानी अग्रिम रूपमा गर्छ भने, उनीहरूले अनुसूची- १ मा उल्लेखित पूर्व-स्वीकृत EMB मोडेलहरू EMB विक्रेता मार्फत सिधै खरिद गर्न सक्छन्।
- खरिद सम्पन्न भएपछि, विक्रेताले PTO को तर्फबाट चरण ३ देखि चरण ५ सम्मको प्रक्रिया पूरा गर्नेछ।
- यसका लागि PTO ले सो सम्बन्धी सबै आवश्यक कागजातहरू उपलब्ध गराउनुपर्नेछ।
- सबै दस्तावेजहरू SET4NPL को आन्तरिक वेब पोर्टलमार्फत पेश गर्नुपर्नेछ।
- PTO ले ह्यान्डलिङ बैंकमा प्रत्यक्ष रूपमा गई दस्तावेजहरूको प्रमाणिकरण गराउनुपर्ने हुन सक्छ।

यस सूचना प्याकेजलाई यसको अंग्रेजी संस्करणबाट नेपालीमा अनुवाद गरिएको छ। दुई संस्करणहरू बीच कुनै भिन्नता भएमा, अंग्रेजी संस्करणलाई पालना गरिनेछ।

SET4NPL

अनुसूची १

List of Vendors shortlisted for SET4NPL project[2]				
S.No	**Name of Vendors**	**EMB type**	**Seat Capacity**	**Model Name**
1	Amber Motors Pvt. Ltd.	Micro Bus	11	NEOSEA STAR V EV FULL (CATL)
			11	NEOSEA STAR V EV FULL (CALB)
			11	NEOSEA STAR V EV STD
			11	NEOSEA STAR PLUS EV FULL
			11	NEOSEA STAR PLUS EV STD
			14	JXK6540EV
		Mini Bus	16	JXK6560EVW (STD)
			16	JXK6560EVW (LUX)
			16	JXK6553EVW
			19	JXK6600EV
			25	DFSV EQ6603LTBVR
2	CG Motors Pvt. Ltd.	Micro Bus	14	XMQ6520EV_14S
			14	XMQ6552EV_14S
		Mini Bus	15	XMQ6520EV_15S
			15	XMQ6552EV_15S
			15	XMQ6530EV_15S
			15	XMQ6533EV_15S
			16	XMQ6552EV_16S
			16	XMQ6553EV_16S
			19	XMQ6600EV_19S
3	Electric Dreams Mobility Pvt. Ltd	Micro Bus	11	SC6450VQ6B1BEV V5D EV
4	E.V. Ride Pvt. Ltd.	Mini Bus	15	CEP-02A
5	Highly Advanced Motors Pvt. Ltd.	Micro Bus	11	KAWEI EV48S
			14	KAWEI HQG6540EV
			14	NAVECO IVNV6551EV14
		Mini Bus	16	KAWEI HQG6560EVW (53kWh)
			16	NAVECO IVNV6550EV16W

[2] Shortlisted EMB suppliers may update the shortlisted models, provided they meet the minimum technical specifications outlined in the Tender and follow the process specified in the Declaration of Acceptance.

			16	KAWEI HQG6560EVW (70kWh)
			16	KAWEI HQG6570EVW
			25	IVECO EC-70
6	MAW Vriddhi Commercial Vehicle Pvt. Ltd.	Micro Bus	11	SOKON EC 36 EV VAN 11-SEATER
			12	FOTON E VIEW
			14	FOTON E VIEW
			14	FOTON E VIEW_14S_2025
		Mini Bus	15	FOTON E VIEW
			15	FOTON E VIEW_15S_2025
7	N.E.V. Nepal Pvt. Ltd.	Micro Bus	11	EC36 (Model No:DXK6450EC8BEV)
			11	DFSK - DANFE EC36
			14	HTK6540BEV
			14	HTK6540BEVK1
		Mini Bus	16	HTK6540BEVK2
			19	HTK6600BEV
			24	HTK6720GBEV
8	Shasheela Motors Pvt. Ltd.	Micro Bus	12	G100-R
			12	G100-R Premium
			14	HIGER VAN KLQ6540EVN2 (53 kWh)
			14	FARIZON V7E
			14	KEYTON VAN FJ6440BEVA1 (53 kWh)
		Mini Bus	16	HIGER KLQ6540EVN2R (53 kWh)
			16	HIGER KLQ6540EVN1R (70 kWh)
			16	HIGER KLQ6540EVN3R (100 kWh)
			22/25	VANCHE V7L EV (120 kWh)
			25	WD6820BEV01R
9	Pooja Construction Nepal Pvt. Ltd.	Micro Bus	11	SRM X30 LEV
10	Pooja International Nepal Pvt. Ltd.	Micro Bus	14	Joylong EA4 14S 60 kWh 2025 Edition
			14	Joylong EA5 14S 60 kWh 2025 Edition
		Mini Bus	17	Joylong EA5 17S 86 kWh 2025 Edition

			20	Joylong EA6 86KWh
11	Sipradi Trading Pvt. Ltd.	Mini Bus	19	9/7 meter EV bus

Note: If the Shortlisted Vendors wish to participate with different models (that also comply with the Minimum Technical Specifications), the change request procedure laid out in the Statement of Declaration of Acceptance signed by the Vendor must be followed.

अनुसूची २

List of Partner Banks[3]

For the purposes of this information package, Partner Banks are any Class-A Bank or licensed financial institution willing to participate and approved by SET4NPL and include Hire Purchase Companies.

S. N	Banks	S. N	Hire Purchase/Renting Companies
1.	Laxmi Sunrise Bank Ltd.	**1.**	Sribit Travels Pvt. Ltd.
2.	Global IME Bank Ltd.	**2.**	M.A.W. Hire Purchase Pvt. Ltd.
3.	Nepal Investment Mega Bank Ltd.	**3.**	
4.	Nabil Bank Ltd.	**4.**	
5.	Himalayan Bank Ltd.	**5.**	
6.	Kumari Bank Ltd.	**6.**	
7.	Nepal SBI Bank Ltd.	**7.**	

[3] The list of Partner Banks is still in process and will be added here upon finalization.

अनुसूची ३

Document Checklist

- For Subsidy Claims:

  Required Documents for Subsidy:

  - PTO ID Document
  - PTO's Incorporation/Registration Certificate
  - PTO's License
  - Route Permit from Transport Management Office
  - Sales Agreement between Vendor/Hire Purchase Company and PTO
  - Signed Maintenance Contract between PTO and Maintenance Franchisee
  - Letter of Intimation from Partner Bank / Hire-Purchase Company to Handling Bank (Appendix IV)
  - Letter of Intimation from EMB Vendor to Handling Bank (Appendix V)
  - Photo of Sticker on EMB

  Optional Documents for Subsidy:

  - Scrapping Certificate (if applicable)
  - Invoice for Charger (if applicable)

  Required Documents for Accessories Subsidy:

  - Order Request Letter from Vendor to Accessories Supplier
  - Proof of Payment from Vendor to Accessories Supplier
  - Proof of Installation (Photo of LED screen)

SET4NPL

अनुसूची ४

Format for Letter of Intimation from Partner Bank to Handling Bank

[*on Partner Bank letterhead*]

[Date]

Nabil Bank Limited,

[Handling Bank Address]

Subject: **Approval of Loan/Hire Purchase and Request for Subsidy Disbursal**

Dear Sir/Madam,

We hereby inform you that [Partner Bank Name] has approved a loan/hire purchase for the purchase of an EMB by [PTO's Name]. As per the loan/hire purchase agreement, we kindly request the release of the applicable subsidy amount through your esteemed institution.

Below are the details related to the approved loan/hire purchase and the EMB:

PTO's Details:

- PTO's Name:
- Permanent Address:
- Temporary Address:
- Contact Number:
- License Number:
- Route Permit Number:

EMB Details:

- Manufacturer:
- Model Name:
- Chassis Number:
- Vendor Name:

Accessories Details:

- Charger Serial Number:
- GPS Module Serial Numbers:
- Ticketing/Billing Module Serial Numbers:
- LED Display Serial Number:
- Immobilizer Serial Number:

Loan/Hire Purchase Details:

- Loan/Hire Purchase Amount: [in figures] (in words Nepali Rupees […] only)
- Loan/Hire Purchase Agreement Number:

Please find attached the pre-qualified EMB sale contract and all other relevant documents required for subsidy disbursal. We assure you that all necessary due diligence from the Partner Bank has been completed and that this loan/hire purchase has been processed through a shortlisted vendor for a shortlisted EMB model as specified in Appendix-I.

Kindly process the subsidy release and transfer the subsidy amount directly to [Vendor Name], the Vendor of the EMB upon delivery of the EMB and installation of the Accessories.

Should you require any additional information or clarification, please do not hesitate to contact us at [Partner Bank Contact Details].

Thank you for your prompt attention to this matter. We appreciate your cooperation in facilitating the subsidy disbursal process.

Yours Sincerely,

_____

[Partner Bank Representative Name]

[Title/Position]

[Partner Bank Name]

[Partner Bank Contact Details]

SET4NPL

अनुसूची ५

Prices for Chargers (in NPR)

S. N	Type of Charger	No of Connectors	Type of Connector	Price (inclusive of VAT)	
1.	Slow Charger (7 kW)	1x	GB/T	39,750	AC
2.	Slow Charger (7 kW)	1x	CSS2	41,850	AC
3.	Medium Charger (22 kW)	1x	GB/T	1,15,700	AC
4.	Medium Charger (22 kW)	1x	CSS2	1,21,800	AC
5.	Medium Charger (20 kW)	1x	GB/T	4,35,000	DC
6.	Medium Charger (20 kW)	1x	CSS2	4,68,000	DC
7.	Fast Charger (60 kW)	2x	GB/T	11,19,000	DC
8.	Fast Charger (60 kW)	2x	CSS2	13,67,000	DC
9.	Fast Charger (60 kW)	1x	GB/T + CCS2	12,70,000	DC

SET4NPL

अनुसूची ६

Subsidy Allocation According To Slab and Financing Mechanism

SLAB 3(b) – Loans (Up to 450 EMBs)

Table 2.1: EMB Subsidy Rates for **Loans** (in NPR)[4] in **Slab 3(b)**

		(A)	(B)	(C)=(A*B)	(D)	(E)=(C-D)
S. N	**Category of EMB**	**No of Seats of the EMB**	**Per Seat Subsidy**	**Total Subsidy**	**Subsidy for Accessory Package**	**Total Subsidy for the EMB**
1.	Micro-Bus	11	7,500	82,500	66,000	16,500
2.	Micro-Bus	12	7,500	90,000	66,000	24,000
3.	Micro-Bus	14	7,500	105,000	66,000	39,000
4.	Mini-Bus	15	7,500	112,500	66,000	46,500
5.	Mini-Bus	16	7,500	120,000	66,000	54,000
6.	Mini-Bus	17	7,500	127,500	66,000	61,500
7.	Mini-Bus	19	7,500	142,500	66,000	76,500
8.	Mini-Bus	20	7,500	150,000	66,000	84,000
9.	Mini-Bus	22	7,500	165,000	66,000	99,000
10.	Mini-Bus	24	7,500	180,000	66,000	114,000
11.	Mini-Bus	25	7,500	187,500	66,000	121,500

PTOs are also eligible for an additional scrapping subsidy of NPR 70,000/- if they can submit a scrapping certificate.

[4] These amounts may change at the discretion of the SET4NPL team. Any changes will be effective for applications received after SET4NPL has notified the Handling Bank in writing. No Grant Agreement amendment between GIZ and Nabil Bank Limited shall be required to change the subsidy amounts.

SLAB 3(b) – Hire Purchase (Up to 450 EMBS)

Table 2.2: EMB Subsidy Rates for **Hire Purchases** (in NPR)[5] in **Slab 3(b)**

		(A)	(B)	(C)	(D)=((A*B)+C)	(E)	(F)=(D-E)
S. N	**Category of EMB**	**No of Seats of the EMB**	**Per Seat Subsidy**	**First Installment of the Hire Purchase**	**Total Subsidy**	**Subsidy for Accessories package**	**Total Subsidy for EMB**
1.	Micro-Bus	11	7,500	92,000	174,500	66,000	108,500
2.	Micro-Bus	12	7,500	92,000	182,000	66,000	116,000
3.	Micro-Bus	14	7,500	92,000	197,000	66,000	131,000
4.	Mini-Bus	15	7,500	92,000	204,500	66,000	138,500
5.	Mini-Bus	16	7,500	92,000	212,000	66,000	146,000
6.	Mini-Bus	17	7,500	92,000	219,500	66,000	153,500
7.	Mini-Bus	19	7,500	92,000	234,500	66,000	168,500
8.	Mini-Bus	20	7,500	92,000	242,000	66,000	176,000
9.	Mini-Bus	22	7,500	92,000	257,000	66,000	191,000
10.	Mini-Bus	24	7,500	92,000	272,000	66,000	206,000
11.	Mini-Bus	25	7,500	92,000	279,500	66,000	213,500

PTOs are also eligible for an additional scrapping subsidy of NPR 70,000/- if they can submit a scrapping certificate.

[5] These amounts may change at the discretion of the SET4NPL team. Any changes will be effective for applications received after SET4NPL has notified the Handling Bank in writing. No Grant Agreement amendment between GIZ and Nabil Ban Limited shall be required to change the subsidy amounts.